**राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष श्री दीपेन्द्रवहादुर क्षेत्रीज्यूको अध्यक्षतामा मिति २०६८/९/२७ गते बसेको बैठकमा भएको छलफल तथा निर्णयहरू**

१. सामाजिक विकास महाशाखाबाट प्रस्तुत नेपालमा सञ्चालित पोषण सम्बन्धी कार्यक्रमहरूमा समीक्षा गर्ने क्रियाकलापहरूबीच सामान्जस्य एवं समन्वय गरी कार्यक्रमहरूलाई थप प्रभावकारी बनाउन देहाय बमेजिमको सदस्यहरू एवं कार्यक्षेत्र भएको **राष्ट्रिय पोषण तथा खाद्य सुरक्षा समन्वय समिति (National Nutrition and Food Security Steering Committee)** गठन गर्ने निर्णय गरियो ।

**समन्वय समिति**

| | | |
|---|---|---|
| १. | मा. सदस्य (स्वास्थ्य तथा पोषण क्षेत्र), राष्ट्रिय योजना आयोग | संयोजक |
| २. | मा. सदस्य (कृषि क्षेत्र), राष्ट्रिय योजना आयोग | सह संयोजक |
| ३. | सह-सचिव, नीति योजना तथा बै.स. महाशाखा, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | सदस्य |
| ४. | सह-सचिव, खानेपानी महाशाखा, भौतिक योजना तथा निर्माण मन्त्रालय | सदस्य |
| ५. | सह-सचिव, बजेट तथा कार्यक्रम महाशाखा, अर्थ मन्त्रालय | सदस्य |
| ६. | सह-सचिव, प्रशासन, संस्थान तथा आपूर्ति महाशाखा वाणिज्य तथा आपूर्ति मन्त्रालय | सदस्य |
| ७. | सह-सचिव, योजना तथा वैदेशिक सहयोग समन्वय महाशाखा, स्थानीय विकास मन्त्रालय | सदस्य |
| ८. | सह-सचिव, योजना महाशाखा, कृषि तथा सहकारी मन्त्रालय | सदस्य |
| ९. | महानिर्देशक, कृषि विभाग | सदस्य |
| १०. | महानिर्देशक, पशुसेवा विभाग | सदस्य |
| ११. | महानिर्देशक, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग | सदस्य |
| १२. | महानिर्देशक, सिंचाई विभाग | सदस्य |
| १३. | महानिर्देशक, शिक्षा विभाग | सदस्य |
| १४. | महानिर्देशक, महिला तथा बालबालिका विभाग | सदस्य |
| १५. | निर्देशक, वाल स्वास्थ्य महाशाखा, स्वास्थ्य सेवा विभाग | सदस्य |
| १६. | निर्देशक, परिवार स्वास्थ्य महाशाखा, स्वास्थ्य सेवा विभाग | सदस्य |
| १७. | कार्यकारी निर्देशक, नेपाल कृषि अनुसन्धान परिषद | सदस्य |
| १८. | संयोजकवाट मनोनित पोषण तथा खाद्य सुरक्षा क्षेत्रका चारजना विषय विज्ञहरू (पोषण-२, खाद्य सुरक्षा-२) | सदस्य |
| १९. | सह-सचिव, कृषि तथा ग्रामीण विकास महाशाखा, रा.यो.आ. सचिवालय | सदस्य |
| २०. | सह-सचिव, सामाजिक विकास महाशाखा, रा.यो.आ. सचिवालय | सदस्य सचिव |

- समितिले विकासका साझेदारहरु UNICEF, WB, World Food Program, FAO, USAID, र HK International लाई आमन्त्रित सदस्यका हैसियतले नियमित रुपमा बैठकमा आमन्त्रण गर्नेछ र अन्य साझेदार तथा विशिष्ट व्यक्तित्वहरुलाई आवश्यकता अनुसार आमन्त्रण गर्न सक्नेछ ।

**समन्वय समितिको कार्यक्षेत्र**

- पोषण तथा खाद्य सुरक्षाको एकीकृत समष्टिगत नीतिगत ढाँचा तयार गर्न मद्दत गर्ने ।
- बहुक्षेत्रीय पोषण योजनाको कार्यान्वयन प्रक्रिया तथा ढाँचा निश्चित गर्ने ।
- खाद्य सुरक्षा तथा पोषण योजनालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न संयोजन गर्ने ।
- निर्देशक समितिबाट भएका निर्णयहरुको प्रभावकारी रुपमा कार्यान्वयन गर्ने गराउने ।
- पोषण तथा खाद्य सुरक्षाको क्षेत्रमा प्राज्ञिक, पेशागत तथा नीजि क्षेत्रको संलग्नता वढाई आवश्यक जनशक्ति तथा क्षमता विकास कार्यक्रम संचालन गर्ने ।
- अनुसन्धान तथा विकास सम्वद्ध क्रियाकलापहरुको प्रवर्द्धन गर्ने ।
- पोषण तथा खाद्य सुरक्षा कार्यक्रम अन्तर्गत आवश्यकता अनुसार विभिन्न प्राविधिक समितिहरु गठन गरी निर्दिष्ट कार्यहरु गर्ने ।
- पोषण तथा खाद्य सुरक्षाको क्षेत्रमा भएका प्रगति स्थितिको नियमित रुपमा अनुगमन तथा समीक्षा गर्ने ।
- पोषण तथा खाद्य सुरक्षा सचिवालयलाई आवश्यक मार्गदर्शन गर्ने ।

२. आर्थिक वर्ष २०६८/६९ को प्रथम चौमासिक अवधि समाप्त भैसकेको हुँदा उक्त अवधिलाई समेटेर हालै भएको क्षेत्रीय गोष्ठीहरू गरिसकिएको एवम् मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको वैठकहरू (MDAC) समेत सम्पन्न गराई मिति २०६८/१०/८ गते राष्ट्रिय विकास समस्या समाधान समितिको वैठक (NDAC) आयोजना गर्न तयारी गर्ने निर्णय गरियो ।

३. यस आयोगका मा.सदस्य श्री जनकराज शाहकी बहिनी स्व.मनकामना अधिकारीको मिति २०६८/९/२५ गते पृथ्वी राजमार्गको मुग्लीन नजिकै जीप दुर्घटनामा परी असामयिक दुःखद निधन भएकोमा शोक सन्तप्त परिवारप्रति यस आयोगका तर्फबाट गहिरो समवेदना व्यक्त गर्ने निर्णय भयो ।